# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
(प्रशासन, योजना तथा अनुगमन शाखा)

प.स. ०७८/०७९ | मितिः २०७८/०९/१६
च.नं. 626

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री विषयगत् शाखा सबै
श्री वडा कार्यालय सबै (१-११),
मिथिला नगरपालिकाको कार्यालय, ढल्केवर, धनुषा ।

प्रस्तुत् विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सूचना तथा प्रविधि शाखा) को मिति २०७८/०९/१४ को च.नं. १८१ को पत्र अवगत गरि पत्रले माग गरे बमोजिमको विवरण यथाशिघ्र यस शाखामा उपलब्ध गराई दिनु हुन पत्रको छायाँ प्रति यसै साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

.....................
रचिन्द्र डंगोल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७८/७९
च.नं. ९८९

मिति २०७८ पौष १४ गते

मिथिला नगरपालिका
धनुषा
दर्ता नं. २५९२
मिति २०७८।९।१४

श्री स्थानीय तहहरू सबै,

विषयः सफल कार्यहरूको विवरण पठाउने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपालमा सङ्घीय शासन प्रणालीको अवलम्बन भएपश्चात स्थानीय तहहरूबाट सम्पादन गरिएका सफल कार्यहरू समेटी यस मन्त्रालयबाट "स्थानीय तहका सफल कार्यहरू" नामक पुस्तक प्रकाशन गर्न लागिएको व्यहोरा जानकारी गराइन्छ। उक्त पुस्तक प्रकाशन गर्ने प्रयोजनका लागि तपसिलमा उल्लिखित क्षेत्र मध्ये अधिकतम ३ वटा क्षेत्रमा तहाँबाट सम्पादन भएका सफल कार्यहरूको विवरण तस्बिर सहित पत्रसँगै संलग्न ढाँचामा तयार गरी १५ दिन भित्र यस मन्त्रालयको इमेल ठेगाना it.section@mofaga.gov.np आइपुग्ने गरी पठाउनु हुन यस मन्त्रालयको मिति २०७८।०९।१४ गतेको सचिव स्तरीय निर्णयानुसार अनुरोध गरिन्छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

तपसिल

१ स्थानीय पूर्वाधार
२ स्थानीय सेवा प्रवाह
३ सामाजिक विकास
४ सामुदायिक परिचालन
५ सार्वजनिक निजी साझेदारी
६ स्थानीय आर्थिक विकास
७ वातावरण संरक्षण तथा विपद् व्यवस्थापन
८ व्यवस्थित सहरी विकास
९ कृषि तथा पशु विकास
१० सामाजिक एकता र सद्भाव

प्र.अ. प्रशासन शाखा
आ.का.को लागि।
९।१४

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईटः** www.mofaga.gov.np
"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

(सूचना तथा प्रविधि शाखा)

## विवरण पठाउनु पर्ने ढाँचा

१. सम्बन्धित कार्यक्रमको परिचय

२. कार्यक्रम सञ्चालन गर्न प्रयोगमा ल्याइएको तरिका (Modality)

३. कार्यक्रमको लागत र लागत व्यहोर्ने स्रोत

४. कार्यक्रमको सम्पादन तथा सञ्चालनबाट प्राप्त नतिजा

५. सम्पादित कार्यक्रमले स्थानीय समुदायमा पारेको सकारात्मक प्रभाव

६. सम्बन्धित कार्यक्रमलाई पुष्टि गर्ने तस्बिर तथा अन्य तथ्य प्रमाण

७. विवरणको Microsoft word copy (अनिवार्य रुपमा नेपाली युनिकोडमा तयार गरिएको हुनुपर्ने)

८. अधिकतम २ पेजमा विवरण समेटी पठाउनु पर्ने ।

फोन नं. : (+९७७)-(१)-४२००३०६

इमेल: it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईट:** www.mofaga.gov.np

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"